राजस्व न्यायाधिकरण काठमाण्डौ

इजलास

माननीय अध्यक्ष श्री किशोर सिलवाल

राजस्व सदस्य श्री जीवन कुमार घिमिरे

लेखा सदस्य श्री डम्बर वहादुर कार्की

फैसला

२०७५/७६ सालको निर्णय नं. ५९

पुनरावेदन नं. : ०७४-RB-०२२२

जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं ७ स्थित दुगड स्पाइसेज एण्ड फुड प्रोडक्ट्स प्रा. लि. (स्थायी लेखा नं. ३००१००५९४) को अख्तियार प्राप्त प्रवन्धक राजकुमार लोहिया ............................................................................ १ } पुनरावेदक

**विरुद्ध**

भन्सार जाँचपास परिक्षण कार्यालय, तिनकुने, काठमाडौं ......................................१ } प्रत्यर्थी

**मुद्दा : थप भन्सार मूल्याङ्कन**

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान अधिवक्ता श्री शरद प्रसाद कोइराला

प्रत्यर्थी कार्यालयको तर्फबाट : विद्वान शाखा अधिकृत श्री नगेन्द्र लम्साल

अविलम्वित नजिर : x

**शुरु निर्णय गर्ने कार्यालय र पदाधिकारी**

शुरु निर्णय गर्ने कार्यालय :भन्सार जाँचपास परिक्षण कार्यालय,तिनकुने

शुरु निर्णय गर्ने अधिकारी : प्रमुख भन्सार परिक्षण प्रशासक श्री किशोर जोशी

शुरु निर्णय मिति : २०७५/१/३१

भन्सार विभाग, भन्सार जाँचपास परिक्षण कार्यालय, सुविधानगर तिनकुने, काठमाडौंबाट भन्सार जाँच पछिको परीक्षण हुँदा मिति २०७५।१।३१ को निर्णय अनुसार भनी थप भन्सार महशुल, अन्तःशुल्क र जरिवाना समेत दाखिला गर्न भएको पत्राचार उपर भन्सार ऐन, २०६४ को दफा ६२(१) बमोजिम पुनरावेदक दुगड स्पाइसेज एण्ड फुड प्रोडक्ट्स प्रा. लि. को यस न्यायाधिकरण समक्ष पुनरावेदन पत्र परी सुनुवाइका लागि आज यस इजलासमा पेश हुन आएकोमा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार रहेको छ :-

## मुद्दाको तथ्य

१. पैठारीकर्ता श्री दुगड स्पाइसेज एण्ड फुड प्रोडक्ट्स प्रा. लि. ले विराटनगर भन्सार कार्यालयहरुबाट मिति सन् १।१।२०१६ देखि २०।१२।२०१६ सम्ममा पैठारी गरेका मालवस्तुहरु विभिन्न प्रज्ञापन पत्रहरुबाट देखिन्छ । पैठारी गरेका मालवस्तुहरुको भन्सार जाँचपास पछिको परिक्षण गर्न छनौट भएको हुँदा उक्त पैठारीसँग सम्बन्धित कागज प्रमाणहरु पेश गर्न भनी कार्यालयबाट च.नं. ७५१ मिति २०७३।१२।२४ को पत्रमार्फत पत्राचार गरीएको देखिन आयो ।

२. उक्त प्रज्ञापन पत्रहरुबाट पैठारी भएका मालबस्तुहरुको लागी कार्यालयबाट भन्सार जाँचपास पछिको परिक्षणको सिलसिलामा पैठारीकर्ताबाट प्रज्ञापन पत्रसाथ पेश हुन आएका कागजात तथा प्रमाणहरुको अध्ययन छानविन गरी विचार गर्दा प्रस्तुत पैठारीकर्ताले भन्सार दरवन्दी फरक पारी घटी महसूल दाखिला गरेको देखिएकोले भन्सार ऐन, २०६४ को दफा ३४(३) अनुसार थप भन्सार महशुल निर्धारण गर्नुपर्ने भएको हुँदा सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुत प्रमाण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र पेश गर्न भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा ३(ग) बमोजिम पैठारीकर्तालाई मिति २०७५।१।१२ मा विस्तृत व्यहोरा खुलाई लिखित सूचना जारी गरिएको ।

३. मिति २०७५।१।१२ मा जारी भएको सूचना पैठारीकर्ताले मिति २०७५।१।१२ मा बुझिलिई सोको जवाफ मिति २०७५।१।२७ मा पेश गरेको रहेछ ।

४. पैठारीकर्ताले लिखित जवाफमा कुनै ठोस प्रमाण पेश नगरी केबल कार्यालयले निर्धारण गरेको महसूल नलाग्ने भन्ने व्यहोराको जवाफ मात्र पेश गरेको पाइएको हुँदा मिति २०७५।१।१२ मा जारी गरिएको सूचनामा उल्लेख भए बमोजिम कायम गरिएको थप महसूल निर्धारण मनासिव नै भएको पाइयो । अतः प्रस्तुत पैठारीकर्ताले दाखिला गर्नुपर्ने भन्सार महसूल रु. ६,१३,१३९।- तथा भन्सार ऐन, २०६४ को दफा ३४ को उपदफा ३ बमोजिम शतप्रतिशत जरिवाना रु. ६,१३,१३९।-समेत जम्मा रु. १२,२६,२७८।-, अन्तःशुल्क रु. ४,९५९।- तथा सोही ऐनको दफा ३४ को उपदफा ३ बमोजिम शतप्रतिशत जरिवाना रु. ४,९५९।-समेत रु. ९,९१८।- र मूल्य अभिबृद्धि कर रु. १६,५५,४९६।- तथा सोही ऐनको दफा ३४ को उपदफा ३ बमोजिम शतप्रतिशत जरिवाना रु. १६,५५,४९६। समेत जम्मा रु. ३३,१०,९३८।- हुने भएकोले कुल छुट महसूल र थप महसूल समेत एकमुष्ठ महसूल रु. ४५,४७,१३४।- को भन्सार ऐन, २०६४ को दफा ३४ बमोजिम महसूल निर्धारण आदेश जारी गर्ने भनी मिति २०७५।१।३१ मा भन्सार जाँचपास परिक्षण कार्यालय, तिनकुने, काठमाडौंबाट खडा गरिएको निर्णय पर्चा ।

५. विपक्षी भन्सार जाँचपास परिक्षण कार्यालयबाट भएको मिति २०७५।१।३१ को निर्णय र सोको आधारमा जारी भएको कर निर्धारण आदेश समेत बदर गरी पुनरावेदकले जम्मा गरेको रकम फिर्ता दिलाई न्याय पाउँ भन्ने समेतको जिकिर लिई पुनरावेदकको तर्फबाट यस न्यायाधिकरण समक्ष मिति २०७५।३।२९ मा पुनरावेदन परेको रहेछ ।

६. यसमा मुलुकी फौजदारी कार्यविधि(संहिता) ऐन, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकिलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणको मिति २०७५/०५/१४ मा भएको आदेश ।

## ठहर

७. नियम बमोजिम पेसीसूचिमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनराबेदन पत्र एवम प्राप्त सुरु मिसिल समेत अध्ययन गरियो ।

८. पुनरावेदकका तर्फबाट रहनु भएका विद्धान अधिवक्ता शरद प्रसाद कोइरालाले पैठारी भएका माल बस्तुको वर्गिकरण फरक कायम गरी महसूल निर्धारण भएका छन् । पैठारी भएका माल बस्तुको गुण एवं विशेषता भन्दा भिन्न गुण भएका माल बस्तुका लागि रहेका उपशिर्षक कायम गरी महसूल निर्धारण गर्न मिल्दैन । Ajwain मेथी सहितको Mix Masala हो यसलाई विपक्षी कार्यालयले ज्वानो भनेको देखिन्छ । पुनरावेदक उद्योगले कच्चा पदार्थको लागि ल्याएको लसुनलाई सुकेको टुक्रा बनाइएको लसुनको उपशिर्षक निर्धारण गरेको कानूनसम्मत छैन । भन्सार ऐन २०६४ को दफा ३४ अनुसार परीक्षण गर्दा अपनाउनु पर्ने होसियारी पुरा भएको छैन । पैठारी भएका माल बस्तुको परीक्षण नगरी प्रज्ञापन पत्रलाई आधार बनाई भिन्न माल बस्तु हो भन्न सक्ने अवस्था रहदैन । मकैको पिठोमा मूल्य अभिबृद्धिकर छुट भएकोले मूल्य अभिबृद्धिकर लगाउन नमिल्ने हुँदा शुरु निर्णय उल्टी हुन पर्छ भनी बहस गर्नुभयो ।

९. प्रत्यर्थी भन्सार जाँचपास परीक्षण कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकिल कार्यालय, काठमाडौंका विद्धान सरकारी वकिल नगेन्द्र लम्सालले पुनरावेदकले सन २०१६।१।१ देखि २०१६।१२।२० सम्म पैठारी गरेका प्रज्ञापन पत्रबाट पैठारी गरेको माल बस्तु भन्सार कार्यालयमा घोषणा गरेका माल बस्तु भन्दा भिन्न पाइएकोले भन्सार महसूल दरबन्दी अनुसार महसूल निर्धारण गरिएको हो । पैठारी भएका माल बस्तुको चारित्रिक गुण एवं विशेषता अनुसार फरक उपशिर्षकमा वर्गिकरण गरी घटी महसुल तिरेको देखिदा फरक परेको हदसम्म महसूल निर्धारण गर्न भएको निर्णय र महसूल निर्धारण आदेश सदर हुनुपर्छ भनी बहस गर्नु भयो ।

१०. प्रस्तुत मुद्दाको पुनरावेदन पत्र, प्राप्त शुरु मिसिल अध्ययन गरी विद्धान अधिवक्ता एवं विद्धान सरकारी वकिलको बहस सुनी सकेपछि प्रत्यर्थी भन्सार जाँचपास परीक्षण

कार्यालयको निर्णय मिलेको छ, छैन ? पुनरावेदन जिकिर अनुसार हुन पर्ने हो, होइन ? भनी निर्णय तर्फ विचार गर्दा देहाय अनुसार हुने देखियो ।

११. प्रत्यर्थी कार्यालयले Ajwain भनिएको माल बस्तु भन्सार उपशिर्षक ०९१०.९९.९० बाट नै वर्गिकरण हुने भनी निर्णय गरेको पाइयो । यसमा पुनरावेदकले मेथी तथा समरुपको गुण भएका र मसला उत्पादनमा मेथी मसला सरह प्रयोग हुने भएकोले भन्सार उपशिर्षक ०९१०.९९.१० को मेथी आयात गर्दा लाग्ने भन्सार महसूल भुक्तानी गरेको भनी जिकिर लिएको देखिन्छ । पुनरावेदक उद्योगले मसला उत्पादन गर्दा मेथी सरह प्रयोग हुने कच्चा पदार्थको प्रयोग गर्ने सम्बन्धमा विवाद रहेको देखिदैन । प्रत्यर्थी कार्यालयले पैठारीकर्ताले घोषणा गरेको उपशिर्षक र माल बस्तु भन्दा फरक माल बस्तु हो भन्न पैठारी भएको Ajwain मा के कस्ता बस्तुको मिश्रण वा गुण विशेषता भएको कारण फरक वर्गिकरण कायम गर्नु पर्ने भएको हो ? कुनै विश्लेषण गरेको देखिदैन । पुनरावेदकले पैठारी गर्दा उल्लेख गरेको भन्दा फरक भन्सार उपशिर्षकका सामान पैठारी गरेको भनी प्रत्यर्थी कार्यालयले जिकिर लिएको अवस्थामा कार्यालयले आफूले जिकिर लिएको कुराको बस्तुनिष्ठ प्रमाण दिन सक्नु पर्दछ । त्यस्तो बस्तुनिष्ठ प्रमाण विनाको जिकिर कानून सम्मत मान्न सकिदैन । अत एवः उद्योगले मसला उत्पादन गर्दा मेथी सरह प्रयोग हुने हो वा होइन ? कुनै विवेचना नगरी महसूल दर फरक गरी पैठारी गरेको भनी गरेको निर्णयसँग सहमत हुन सकिएन ।

१२. पुनरावेदकले विराटनगर भन्सार कार्यालयबाट Garlic Flacks भन्सार उपशिर्षक ०७०३.२०.०० बाट वर्गिकरण गरी ५ प्रतिशत महसूल तिरी पैठारी गरेको मालबस्तुलाई प्रत्यर्थी कार्यालयले ०७१२९०१२ बाट वर्गिकरण गरी थप ५ प्रतिशत महसूल र जरिवाना गरेको देखिन्छ । पुनरावेदक पैठारीकर्ताले घोषणा गरेको भन्सार उपशिर्षकमा ताजा वा चिसो पारेको लसुन वर्गिकरण हुने देखिन्छ । पैठारी भएको लसुन मसला उत्पादनमा प्रयोग हुने जिकिर लिएको समेत पाइन्छ । पुनरावेदक उद्योगले के कस्ता मसला उत्पादन गर्ने हो र काँचो वा ताजा लसुन प्रयोग हुने हो भन्ने उल्लेख गर्न सकेको पाइदैन । अन्य कच्चा पदार्थ एवं समिश्रणहरु ताजा वा चिसो अवस्थाका मालबस्तु पैठारी भएको समेत नदेखिंदा पुनरावेदकको जिकिरसँग सहमत हुन सकिएन ।

१३. पुनरावेदक पैठारीकर्ताले विराटनगर भन्सार कार्यालयमा घोषणा गरी पैठारी गरेका Magic Masala, Mix Masala, Seasoning Powder भनिएका मालबस्तुहरुलाई प्रत्यर्थी कार्यालयले भन्सार उपशिर्षक २१०३.९०.०० बाट वर्गिकरण हुने भनी थप ५ प्रतिशत भन्सार महसूल, मूल्य अभिबृद्धिकर र जरिवाना निर्धारण गरेको देखिन्छ । प्रत्यर्थी कार्यालयले कायम गरेको भन्सार वर्गिकरण शिर्षक २१०३ अन्तर्गत भटमासको चटनी, गोलमेडाको अचार आदि जस्ता तयारी मालबस्तु जस्तै अन्य माल बस्तु रहने देखिन्छ । पुनरावेदकले प्रत्यर्थी कार्यालयमा मिति २०७५।१।२७ मा पेश गरेको जवाफमा कच्चा पदार्थको

रुपमा प्रयोग हुने प्रकृतिका बस्तु आयात गरेको भन्ने व्यहोरा उल्लेख भएको पाइन्छ । उद्योगले मसला उत्पादन गर्दा के कस्ता प्रकृतिका मालबस्तु कच्चा पदार्थ र सहायक कच्चा पदार्थको रुपमा प्रयोग गर्ने गरेको छ भन्ने सम्बन्धमा विचार नगरी फरक भन्सार वर्गिकरण उपशिर्षक कायम गरी महसूल निर्धारण गरेको निर्णय कानून सम्मत मान्न सकिएन ।

१४. पुनरावेदकले Potato Flakes Pellets पैठारी गरेको सम्बन्धमा विवाद रहेको देखिएन । प्रत्यर्थी कार्यालयले उक्त मालबस्तु २००५.२०.९० बाट वर्गिकरण हुने भनी फरक परेको १० प्रतिशत महसूल निर्धारण गरेको निर्णय मिले, नमिलेको हेर्नु पर्ने देखिन आयो । शर्षिक २०.०५ अन्तर्गतको उपशिर्षक २००५.२०.९० मा आलुहरुको फ्रोजन फ्रेन्ज फ्राइका लागि तयार पारेको माल बस्तु जस्तै किसिमका माल बस्तु वर्गिकरण हुने देखिन्छ । पैठारीकर्ता पुनरावेदकले भन्सार कार्यालयमा घोषणा गरेको ११०५२०.०० मा आलुको ल्फेक्स, दाना र पेलेट पर्ने देखिन आउँछ । भन्सार उपशिर्षकमा उल्लेख भएको नाम र पुनरावेदकले पैठारी गरेको भनेको बस्तुको नाममा फरक देखिएन । भन्सार वर्गिकरण उपशिर्षकमा उल्लेख भएको मालबस्तु सोही उपशिर्षक भन्दा फरक हो भनी निर्णय गर्दा माल बस्तुको परिक्षण भएको समेत नदेखिंदा प्रत्यर्थी कार्यालयको निर्णयसँग सहमत हुन सकिएन ।

१५. विराटनगर भन्सार कार्यालयबाट पुनरावेदक पैठारीकर्ताले विभिन्न प्रज्ञापनपत्रबाट PVC Film, Shrink Film भन्सार वर्गिकरण उपशिर्षक ३९२०.६२.००, ३९२०.१०.०० र ३९.२१.९०.०० बाट वर्गिकरण गरी पैठारी गरेको देखिन्छ । पैठारी भएको मालबस्तु Pvc Film, Shrink Film भएकोमा विवाद रहेको देखिंदैन । उक्त मालबस्तु पैठारीकर्ता पुनरावेदकले घोषणा गरेका शिर्षकहरुमा पर्छ वा प्रत्यर्थी कार्यालयले कायम गरेको उपशिर्षक ३९२६.९०.९० मा पर्छ ? यस सम्बन्धमा विचार गर्दा पुनरावेदकले घोषणा गरेका उपशिर्षक अन्तर्गतका मालबस्तु अस्तर नहालेको, लेमिनेट नगरीएको आधार (सपोर्ट) नहालिएको आदि वा यस्तै अरु सामानसँग नजोडिएको प्लाष्टिकका प्लेटहरु, सिटहरु, फिल्म प्वाइल र स्टिपहरु पर्ने देखिन्छ । पैठारी गरेको माल बस्तु Packaging प्रयोजनका लागि Pvc Film, Shrink Film भने प्लाष्टिकका सिटमा अन्य काम गर्ने (Further Work) प्रयोग गर्ने अवस्थाको रहेको देखिन आउँछ । प्रत्यर्थी कार्यालयले कायम गरेको वर्गिकरण उपशिर्षकमा शिर्षक ३९.०१ देखि ३९.१४ सम्मका पदार्थबाट बनेको मालबस्तु पर्ने देखिंदा अन्यथा भन्न मिल्ने देखिएन । प्रत्यर्थी कार्यालयले कायम गरेको उपशिर्षकमा तोकिएको दरले भन्सार महसूल, ५ प्रतिशत अन्तःशुल्क र मूल्य अभिबृद्धिकर समेत लाग्ने देखिंदा भन्सार ऐन, २०६४ को दफा ३४(३) अनुसार महसूल र जरिवाना निर्धारण गरेको मिलेकै देखिंदा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।

१६. पुनरावेदक पैठारीकर्ताले आयात गरेको मालबस्तु Maize Grits भन्सार वर्गिकरण उपशिर्षक ११०२.२०.०० मा पर्ने हो वा ११०३.१३.०० मा पर्ने हो ? र सो मालबस्तुमा मूल्य अभिवृद्धिकर लाग्ने हो वा होइन ? यस सम्बन्धमा विचार गर्दा उपशिर्षक ११०३.१३.०० मा २ एम.एम. को प्वाल भएको धातुको तारबाट बुनेको चाल्नोबाट ९५ प्रतिशत चालिने मकैको पिठो पर्ने देखिन्छ । पैठारीकर्ताले घोषणा गरेको उपशिर्षक ११०२.२०.०० मा भने ३१५ माइक्रोमिटरको प्वालबाट ८० प्रतिशत र ५०० माइक्रोमिटर को प्वाल भएको जालीबाट छिर्ने पिठोको मात्राको प्रतिशत तौलमा मकैको भन्दा कम नभएको अवस्थामा वर्गिकरण हुने देखिन्छ । प्रत्यर्थी कार्यालयको निर्णयमा शिर्षक ११.०३ अन्तर्गत वर्गिकरण हुने मात्र भनी निर्णयको प्रमुख आधार बनाएको पाइन्छ । पैठारीकर्ताले आयात गरेको मालबस्तु ११०२ अन्तर्गत पर्ने हो वा ११०३ अन्तर्गत पर्ने हो भनी माल बस्तुको नमुना परिक्षण गरेको भने देखिदैन । भन्सार महसूल दरबन्दीको भन्सार वर्गिकरण भाग ११ को द्रष्टव्य २(ख) र ३(क) मा उल्लेख भएको व्यवस्था अनुसार मालबस्तुको परीक्षण विना यकिन गर्न सकिने अवस्था देखिदैन । प्रस्तुत विवादका विवादित सामान कति माइक्रोमिटरको प्वालबाट छिर्छ वा छिर्दैन भन्ने तथ्यसँग आधारित भएकोमा प्रत्यर्थी कार्यालयले उल्लेखित आयत गरेको सामानको परिक्षण गरी यकिन गर्नु पर्ने देखिन्छ । तर आयातित सामान त्यस्तो परिक्षणबाट यकिन गरी मूल्य अभिवृद्धि कर निर्धारण गरेको भन्ने आधार प्रमाण प्रत्यर्थी कार्यालयले दिन सकेको नपाइंदा पैठारी कर्ताले आयात गरेको मालबस्तु उपशिर्षक ११०३.१३.०० मा पर्छ भन्न मिल्ने देखिएन । तसर्थ उपशिर्षक ११०२.२०.०० मा पर्ने मकैको पिठोमा मूल्य अभिवृद्धिकर ऐन, २०५२ को अनुसूची-१ अनुसार मूल्य अभिवृद्धिकर छुट हुने देखिंदा प्रत्यर्थी कार्यालयको निर्णयसँग सहमत हुन सकिएन ।

१७. अतः माथी विवेचित आधारमा स्थायी लेखा नं. ३००१००५९४ भएका पुनरावेदक करदाता दुगड स्पाइसेज एण्ड फुड प्रोडक्ट्स प्रा.लि.को भन्सार जाँचपास परिक्षणको सम्बन्धमा भन्सार जाँचपास परिक्षण कार्यालयको मिति २०७५।०१।३१ को निर्णयमा Ajwain, Mix Masala(Magic Masala), Potato Flakes Pellets र Maize Grits को वर्गिकरण उपशिर्षक फरक परेको भनी पैठारीकर्ताले घोषणा गरेको भन्दा फरक वर्गिकरण उपशिर्षक कायम गरी महसूल निर्धारण गरेको निर्णय मिलेको नदेखिंदा केही उल्टी हुने ठहर्छ । अन्यमा पुनरावेदकको पुनरावेदन जिकिर पुग्न सक्दैन ।अरु तपशिल बमोजिम गर्नु ।

## तपशिल

१८. माथी ठहर खण्डमा उल्लेख भए बमोजिम पुनरावेदक करदाता दुगड स्पाइसेज एण्ड फुड प्रोडक्ट्स प्रा.लि.को भन्सार जाँचपास परिक्षणको सम्बन्धमा भन्सार जाँचपास

परिक्षण कार्यालयको मिति २०७५।१।३१ को निर्णयमा Ajwain, Mix Masala(Magic Masala), Potato Flakes Pellets र Maize Grits को वर्गिकरण उपशिर्षक फरक परेको भनी पैठारीकर्ताले घोषणा गरेको भन्दा फरक वर्गिकरण उपशिर्षक कायम गरी महसूल निर्धारण गरेको निर्णय मिलेको नदेखिंदा केही उल्टी हुने ठहरी फैसला भएकोले पुनरावेदक करदाताको धरौटी रकम प्रचलित कानूनको म्यादभित्र माग गर्न आएमा हिसाव गरी फिर्ता दिनु वा अर्को कर अवधिको तिर्नुपर्ने कर रकममा मिलान गरिदिनु भनी शुरु कार्यालयमा लेखि पठाउनु ।

१९. प्रस्तुत मुद्दाको फैसला भएको सूचना बिशेष सरकारी वकिलको कार्यालय काठमाण्डौलाई दिनु ........................................................................................................१

२०. प्रस्तुत मुद्दाको दायरीको लगत कट्टा गरी, सुरु तथा रेकर्ड मिसिल नियमानुसार गरी बुझाई दिनू.....................................................................................................२

जीवन कुमार घिमिरे

(राजस्व सदस्य)

उक्त रायमा हामीहरु सहमत छौं ।

डम्बर बहादुर कार्की

(लेखा सदस्य)

किशोर सिलवाल

(अध्यक्ष)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-
टिपोट गर्नेः -श्री सीता अधिकारी (शाखा अधिकृत)
इति सम्वत् २०७५ साल पुस महिना २२ गते रोज १ शुभम् ..........................